जि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ | अंक २९ | २०८३ साल भदौ ४ गते बिहीबार (20 Aug 2026 Thursday) | मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल-जापानसम्बन्धमा ... ३ पृष्ठमा : सरकारी प्रयासको नतिजा ... ३ पृष्ठमा :खानलाई निजी अस्पताल ...

# आर्थिक अनुशासनमा कडाइ गर्दै मधेस प्रदेश सरकार

जनकपुरधाम, ३ भदौ (रासस)।

मधेस प्रदेश सरकारले प्रदेशको वित्तीय सुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्न सरकारी खर्चमा थप कडाइ गर्ने जनाएको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयले मातहतका निकायलाई परिपत्र गरी सरकारी कोषको दुरुपयोग रोक्न तथा बजेटलाई नतिजामुखी बनाउन खर्च मापदण्ड कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिएको हो।

प्रदेशका अर्थमन्त्री युवराज भट्टराईका अनुसार प्रदेशको बजेटलाई नतिजामुखी बनाउँदै फजुल खर्च पूर्ण रूपमा रोक्न सरकारले आर्थिक अनुशासनमा कडाइ गरेको हो। प्रदेशको आन्तरिक आय तथा स्रोतको अवस्था विश्लेषण गर्दै खर्च व्यवस्थापनलाई थप व्यवस्थित बनाउन रणनीतिक सुधार कार्यान्वयनमा ल्याइएको जनाउँदै उहाँले सोहीअनुसार सम्बन्धित निकायलाई परिपत्र गरिएको बताउनुभयो।

परिपत्र अनुसार मन्त्री तथा विशिष्ट पदाधिकारीले प्रयोग गरेका सरकारी सामान आफ्नो कार्यकाल सकिएपछि आफैं लैजान पाउने पुरानो अभ्यास अन्त्य गरिएको छ। अब जिन्सी सामान प्रयोग गर्ने पदाधिकारीले अनिवार्य रूपमा सामान बुझाएको भरपाइ वा रसिद लिनुपर्ने र पदावधि समाप्त भएपछि वा सरुवा भएमा सम्बन्धित सामान अनिवार्य रूपमा स्टोर शाखामा बुझाउनुपर्ने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताउनुभयो।

सरकारले कर्मचारी तथा पदाधिकारीको अनावश्यक भ्रमण नियन्त्रण गर्न पनि कडा व्यवस्था गरेको छ। प्रदेशभित्रको भ्रमणमा एकपटकमा बढीमा चार दिन र महिनाभरिमा अधिकतम १२ दिनभन्दा बढीको भ्रमण भत्ता नदिने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताउनुभयो। उहाँका अनुसार मन्त्रीका स्वकीय सचिवालयका कर्मचारीहरू मन्त्रीसँग भ्रमणमा जाँदा उहाँहरुको भ्रमण अवधिसम्मका लागि मात्र भत्ता पाउने स्पष्ट व्यवस्था गरिएको छ।

सवारीसाधनको जथाभावी प्रयोगलाई निरुत्साहित गर्न पनि निर्देशिकाले महत्त्वपूर्ण सुधार गरेको छ। यसअघि सवारीसाधन नपाउने कर्मचारीलाई सवारीसाधन उपलब्ध गराउने व्यवस्था खारेज गरी अब कानुनले




तोकेका सचिव तथा सो सरहका पदाधिकारीलाई मात्र सवारीसाधन उपलब्ध गराउने व्यवस्था गरिएको छ। तोकिएको दरबन्दीभन्दा बढी रहेका सवारीसाधनको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्कलन गरी आवश्यकता र औचित्यका आधारमा अन्य निकायमा हस्तान्तरण गर्ने नीति लिइएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार सार्वजनिक स्रोतसाधनको दोहोरो प्रयोग र दुरुपयोग रोक्न सवारीसाधन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ। यसले सरकारी खर्च घटाउनुका साथै उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहयोग पुग्ने सरकारको विश्वास छ।

विगतमा अनावश्यक रूपमा कार्यक्रम तथा बैठक आयोजना गरी ठूलो रकम खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिएको छ। अब स्वीकृत लागत अनुमान र तोकिएको मापदण्डभित्र रहेर मात्र भैपरी खर्च गर्न पाइने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताउनुभयो। सामान्य कार्यक्रम, गोष्ठी तथा नियमित बैठक होटलमा आयोजना गरी फजुल खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै त्यस्ता कार्यक्रम सरकारी कार्यालयमै सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

मन्त्री तथा अन्य पदाधिकारी सहभागी हुने कार्यक्रममा दिइने खाना तथा खाजा खर्चमा हुने विविधता हटाउँदै मापदण्डअनुसार एकरूपता कायम गरिएको छ। यसबाट सरकारी कार्यक्रमका नाममा हुने अनावश्यक खर्च कटौती हुने अपेक्षा गरिएको मन्त्री भट्टराईको कथन छ।

प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यमा बजेट सक्नकै लागि जथाभावी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई जिम्मेवार बनाउँदै स्वीकृत बजेटअनुसार खर्च नगरे जरिवानासहित असुलउपर गर्ने कानुनी प्रबन्ध मिलाइएको जनाएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार असारे विकास र गैरजिम्मेवार खर्चको प्रवृत्तिलाई पूर्णरूपमा नियन्त्रण नगरेसम्म वित्तीय सुशासन कायम गर्न कठिन हुने भएकाले यस्तो व्यवस्था लागू गरिएको हो। स्रोत सुनिश्चितता नभएका बहुवर्षीय आयोजनाको घोषणा गर्ने प्रवृत्तिलाई रोक्दै प्रदेश नीति तथा योजना आयोगको प्राथमिकीकरण, मध्यमकालीन खर्च संरचना र वित्तीय स्रोतको सुनिश्चितताका आधारमा मात्र बहुवर्षीय आयोजना अघि बढाउने व्यवस्था कडाइ गरिएको छ।

मधेस प्रदेश सरकारले पछिल्लो समय बजेटको आकारभन्दा खर्चको गुणस्तर र कार्यान्वयन क्षमतालाई प्राथमिकता दिने नीति अघि सारेको छ। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले अघिल्लो वर्षभन्दा कम आकारको बजेट ल्याउँदै मितव्ययिता, पुँजीगत खर्च र परिणाममुखी कार्यक्रमलाई प्राथमिकता दिएको मन्त्री भट्टराईले बताउनुभयो।

# शिक्षक र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने सरकारको निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३ भदौ।**

सरकारले संघीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको हो।

निर्णयअनुसार संघीय शिक्षण सहयोग अनुदान कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक ४३ हजार ६ सय ६९ बाट बढेर ४८ हजार ५८ पुगेको छ।

त्यस्तै, आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक ३४ हजार ७ सय ३० बाट ३८ हजार

*बाँकी अन्तिम पृष्ठमा*

# कर अधिकृत पालसहित दुई जनाविरुद्ध आरोपपत्र दायर

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३ भदौ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आन्तरिक राजस्व कार्यालय, लहान, सिरहाका कर अधिकृत युवराज एमएस पालसहित दुई जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर लेखापरीक्षणका लागि सेवाग्राहीले पेस गरेका कागजात तथा बिल-बीजक नमिलेको भन्दै दुःख हैरानी दिई कर अधिकृत पालले पाँच लाख घूस लिइरहेको अवस्थामा केही दिन पहिले पक्राउ परेका थिए।

अनुसन्धानका क्रममा पालले विभिन्न व्यावसायिक फर्म तथा कम्पनीको लेखापरीक्षण, कर निर्धारण र कर फछ्र्यौट गर्ने क्रममा बिल-बीजक नमिलेको भन्दै सेवाग्राहीसँग रकम माग गर्ने गरेको पाइएको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार कर अधिकृत पालले आफूसँग मिलेमतो तथा सम्बन्ध रहेका चार्टर्ड एकाउन्टेन्ट रामरिझन यादवमार्फत सेवाग्राहीसँग रकमको बार्गेनिङ गर्ने गरेको अनुसन्धानबाट देखिएको छ। आयोगले उनीहरूविरुद्ध बिगोबमोजिम कारबाहीको माग गर्दै मुद्दा दायर गरेको हो।

# तीन वर्षिया बालिकाको बलात्कारपछी हत्या घटनामा संलग्न दुई पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ३ भदौ।**

बाराको जीतपुरसिमरा उपमहानगरपालिका १ दसधुरेकी तीन वर्षीय बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाराले पत्रकार सम्मेलन गरेर घटनाबारे सार्वजनिक गर्दै जीतपुरसिमरा २

*बाँकी अन्तिम पृष्ठमा*

**नागरिकमैत्रीः सार्वजनिक सेवा**

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वन जंगल र जल उपयोगगर्नेतर्फ ध्यान पुगोस्

वन तस्करहरुले वनलाई मास्दै गएका छन् । जसकारण अहिले हाम्रो देशको हरियो वन माफियाको धन बनेको छ । वन मासिदै जाँदा पनि सरकार अझ गम्भिर बन्न सकिरहेको छैन् । अधिकांश क्षेत्र वनजंगलले ढाकिएको नेपालमा उचित साधनश्रोतको अभावमा वन त्यत्तिकै मासिदै गएको छ भने जल त्यतीकै खेर गइरहेको छ । नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाउन सकिरहेका छैनन् । खेती गर्ने समयमा किसानले पानीको अभाव महसुस गर्छन् । योग्य हरिया खेतवारी खडेरीको रुपमा परिणत भइरहेको छ । सिंचाई तथा मलखादको अभावमा हाल कृषि क्षेत्रमा पनि ह्रास समेत आएको छ ।

यस्तै नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने सामर्थ रहेपनि त्यसतर्फ ध्यान पुग्न सकेको छैन् । यहाँ नहर छ, तर व्यवस्थित छैन । किसानहरु वर्षाको अभावका कारण अन्य बैकल्पिक उपायबाट आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन ।

यसप्रति तीनै तहका सरकार गम्भिर बन्नु आवश्यक छ । तसर्थ जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस गम्भिर विषयप्रति खबरदारी गर्नेदेखी दबाब सृजना गर्न समेत नेपाली जनता जागरुक हुनु अत्यन्त जरुरी छ ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# नेपाल-जापानसम्बन्धमा जापानी भाषा र संस्कृतिको भूमिका

**डा रामचन्द्र भुसाल**

काठमाडौं, ३ भदौ (रासस) । नेपाल र जापानबीचको मैत्री सम्बन्ध धेरै पुरानो र महत्वपूर्ण छ । नेपालको विकासमा निरन्तर रूपमा सहयोग गर्दै आएका मित्र राष्ट्रहरूमध्ये जापान अग्रस्थानमा छ । सन् १९५६ सेप्टेम्बर १ मा दुई देशबीचमा औपचारिक रुपमा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सात दशक लामो दुईपक्षीय मित्रता आपसी हित, नेपालको विकासमा जापानको साझेदारी र दुई देशका नागरिकबीचको सम्बन्ध फराकिलो र मजबुत बनाउँदै अगाडि बढिरहेको छ । दोस्रो विश्वयुद्धमा ध्वस्त भएको जापानले आज आफूलाई सक्षम राष्ट्रको रुपमा खडा गरी विश्वका नेपाल जस्ता धेरै मुलुकको विकासमा सहयोग गरिराखेको छ ।

दुई देशबीचको मित्रताको इतिहास हेर्दा सन् १८९९ मा जापानी भिक्षु इकाई कावागुची तिब्बती बौद्ध धर्म अध्ययनको सिलसिलामा तिब्बत जाने क्रममा नेपाल आउनुभएको र नेपाल जापानको मैत्री सम्बन्ध अनौपचारिक रुपमा जापानी भिक्षु इकाई कावागुचीको नेपाल भ्रमणबाटै सुरुआत भएको देखिन्छ । नेपाल र जापानबीचमा कूटनीतिक सम्बन्ध स्थापनापश्चात् जापानले नेपालको औद्योगिक विकास, कृषि, जलविद्युत, शिक्षा, स्वास्थ्य, मानव संशाधन र पूर्वाधार विकासलगायतका क्षेत्रमा जापानी महत्वपूर्ण सहयोग गर्दै आएको छ । नेपाल र जापानबीचको सम्बन्ध स्थिर, दीर्घकालीन र विश्वासिलो छ भने जापानले नेपाललाई गर्दै आएको सहयोग निस्वार्थ र निरन्तर छ । जापानले दोस्रो विश्वयुद्ध पछिको कठिन परिस्थितिलाई अवसरको रुपमा लिँदै अहिले विश्वमै समृद्ध मुलुकहरूमध्ये अग्रस्थानमा रहेको छ । त्यस्तो कठिन परिस्थितिलाई पार गर्दै जापान अहिलेको अवस्थामा कसरी आइपुग्यो भन्ने थाहा पाउँदा हामीले जापानबाट सिक्नसक्ने कुराहरुको बारेमा बुझ्न सजिलो हुन्छ ।

जापानीहरूले आफ्नो देश तथा आफू जापानी हुनुमा अत्यन्त गर्व गर्ने गर्छन् । देश प्रेमको गहिरो भावमा उनीहरूको राष्ट्रिय विकास प्रतिको दृढ प्रतिबद्धता स्पष्ट रूपमा देखिन्छ । उनीहरू राष्ट्रिय प्रगतिलाई सामूहिक दायित्वको रुपमा लिँदै समाजको विकासको लागि एकताबद्ध भएर परिश्रमपूर्वक काम गर्छन् । 'इमान्दारिता नै सर्वोत्तम नीति हो' भन्ने मान्यता जापानीहरूको दैनिक जीवनमा व्यावहारिक रुपमा स्पष्ट देखिन्छ । सार्वजनिक तथा निजी दुवै परिवेशमा नियम कानुनको कडाइका साथ पालना गरिन्छ, जसले व्यवस्था कायम राख्न र अराजकता हुन नदिन सहयोग पुऱ्याउँछ । जापानमा समय निष्ठताप्रति उच्च सम्मान गर्दै समय व्यवस्थापनलाई प्राथमिकता दिइन्छ ।

जापानी उखान 'नाना कोरोबी याओकि' अर्थात् 'सात पटक लड, आठ पटक उठ' हो यसले जापानको लचिलोपन र धैर्यता झल्काउँछ र जति चुनौती आए पनि अगाडि बढिरहने दृढ इच्छाशक्ति विकास गर्न प्रोत्साहन गर्छ । जापानीहरु आफ्नो र अरुको गोपनीयतालाई धेरै सम्मान गर्छन् । जापानमा जेष्ठ र वरिष्ठहरुलाई व्यावहारिक रुपमै सम्मान गरिन्छ । त्यहाँ अनुशासनलाई सम्मानको रुपमा लिइन्छ जसले मानिसलाई आत्म नियन्त्रण गर्न प्रेरित गर्छ । अनुशासन, मिहेनत र जिम्मेवारी जापानी संस्कृति र जीवनका मुख्य आधार हुन् ।

जापानका नीतिहरुले समानतालाई बढावा दिन्छन् । सबै सरकारी कर्मचारीलाई हरेक तीन वर्षमा सरुवा गर्नु र एउटै क्षेत्रमा बस्ने सबै बालबालिकालाई प्राथमिक तहमा एउटै विद्यालयमा जानुपर्ने व्यवस्था समानताको उदाहरण हो । जापानमा हरेक पेसालाई सम्मान गरिन्छ र 'सम्मान चाहियो भने सम्मान देउ' भन्ने सोच सानैदेखि सिकाइन्छ । बालबालिकालाई सही गलत छुट्याउन र आफ्नो निर्णय आफैँ गर्न प्रोत्साहन गरिन्छ, जसले आत्मनिर्भरता विकास गर्छ । जापानमा घरदेखि पार्क र विद्यालयजस्ता सार्वजनिक स्थानसम्म सफाइलाई अत्यन्त महत्व दिइन्छ । जापानी समाजले साझा हितका लागि सहकार्यलाई महत्व दिन्छ, जुन कुनै चाडपर्व, सामुदायिक कार्यक्रम र स्वयंसेवा गतिविधिमा देखिन्छ । जापानी संस्कृतिमा शिक्षालाई उच्च मान्यता दिइन्छ र जापानको शिक्षा प्रणाली प्रतिस्पर्धात्मक एवं व्यावहारिक छ ।

जापानीहरूले ताजा र मौसमी उत्पादनमा केन्द्रित सन्तुलित खाना खाने, बेलुकाको खाना चाँडै खाने र खानापछि हल्का व्यायाम गर्ने गर्छन्, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । यस्ता खानपान र जीवनशैलीले समग्र स्वास्थ्य सुधार्ने र दीर्घायु बढाउन मद्दत गर्ने भएकै कारणले जापानमा १०० वर्ष नाघेको जनसङ्ख्या झन्डै एक लाख छ । जापानीहरू आफ्नो मिहेनत र काममा गर्व गर्छन्, जसले देशको विकासमा महत्वपूर्ण योगदान दिन्छ । जापानी शब्द 'गामान' (सहनशीलता) भन्ने अवधारणाले काममा निरन्तरता, धैर्यता र कर्तव्यबोधप्रति जापानी प्रतिबद्धता देखाउँछ । जापानीहरूले जीवनमा सबैभन्दा बढी आफ्नो जिम्मेवारी र कामलाई प्राथमिकतामा राख्दछन् । त्यहाँको तीव्र आर्थिक विकास नेपालजस्ता विकासोन्मुख देशहरूको लागि प्रेरणादायी उदाहरण बनेको छ । जापानले गरेको दक्ष जनशक्ति विकास, जापानीहरूको उच्च नागरिक जिम्मेवारी, प्रभावकारी राजनीतिक नेतृत्व, सुशासनलगायतका कुराहरुले अहिलेको जापान बनेको हो । हामीले जापान र जापानी जनताहरूबाट यस्तै कुराहरु सिक्न सक्छौं ।

जापान जस्तो विकसित मुलुकले पनि अहिले केही समस्याहरु भोगिरहेको छ । ढिलो विवाह र व्यस्त जीवनको दबाबको कारण घट्दो जन्मदर र बढ्दो वृद्धहरूको सङ्ख्या जापानको चुनौती बन्दै गएको छ । त्यस्तै जापानमा पश्चिमी देशको प्रभावले सामाजिक, धार्मिक र सांस्कृतिक परिवर्तन आउन गई जापानको आफ्नोपनमा ह्रास हुने सम्भावना बढ्दै गएको छ । अहिले जापानमा विदेशीहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दैछ र नेपालीहरू मात्रै झन्डै तीन लाख छन् । यसरी बढ्दै गएको विदेशीहरूको सङ्ख्या जापानी समुदायको लागि समस्या बन्दैछ । जापानीहरुलाई जापानको बारेमा पर्याप्त ज्ञान नभएका विदेशीहरूले जापानको संस्कृति, परम्परा र समुदायमा विकृति ल्याउँछन् कि भन्ने त्रास छ भने जापानी भाषा, संस्कृति, नियम कानुन आदिको ज्ञान नभएका विदेशीहरूले भाषा र संस्कृतिको समस्या, सामाजिक एक्लोपना र जटिल प्रशासनिक प्रक्रिया जस्ता विभिन्न कठिनाइ भोगिरहेका छन् । यस्तो अवस्थामा कतिपय नेपालीहरु आफ्नो जापान बस्ने समय अवधि नसकिँदै नेपाल फर्कने, आत्महत्या गर्ने लगायतका समाचार आउन थालेका छन् । गत दश महिनामा मात्र २५ जना नेपाली युवाहरुले जापानमा आत्महत्या गरेको समाचार छ । यस्ता घटनाहरु नेपाल र जापान दुवैको लागि दुःखद् हुन् र भविष्यमा यस्ता घटनाले नेपाल जापानको मैत्री सम्बन्धमा नै क्षति पुग्न सक्छ । दुवै मुलुकका सरकार, जापानी समुदाय एवं जापान जाने वा त्यहाँ बस्ने नेपालीहरूले यी समस्याहरुलाई समयमै गम्भीरतापूर्वक लिई आपसी समझदारीमा समाधानतर्फ लाग्नुपर्छ ।

यसको लागि सर्वप्रथम जापान जाने नेपालीहरूसँग कम्तीमा मान्यता प्राप्त जापानी संस्थाले लिने परीक्षामा एनफोर (एन-४) लेभलको जापानी भाषाको ज्ञान हुनु आवश्यक छ । जापानी भाषाको साथै, जापान जाने नेपालीहरूसँग जापानको संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान हुनु अति आवश्यक छ । जापान जाने नेपालीहरू भिसा प्राप्त भएपछि यी कुराहरुमा ध्यान नदिने र सीपसमेत नसिकी जापान जाने हुँदा अहिले त्यस्ता व्यक्तिहरु समस्यामा परेको देखिन्छ । त्यसको लागि जापान जाने नेपालीहरू खासगरी जो कुनै व्यवसाय वा कामको लागि जान्छन्, उनीहरूको लागि गुणस्तरीय अभिमुखीकरण कार्यक्रमको आवश्यकता छ । औपचारिकताको लागि मात्र दिइने अहिलेको अभिमुखीकरण कार्यक्रम प्रभावकारी छैन ।

जापान जानुअघि दिइने अभिमुखीकरण कार्यक्रमको लागि युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपालस्थित जापानी राजदूतावास, जापानस्थित नेपाली राजदूतावास, जाइका, वैदेशिक रोजगार व्यवसायी सङ्घ र नेपाल जापान मैत्री सम्बन्धमा लामो समयदेखि निरन्तर रुपमा कार्यरत सङ्घ/संस्थाहरू बीचमा समन्वय गरी सम्बन्धित सबैको समन्वय र सहमतिमा गुणस्तरीय पाठ्यक्रम तयार गरी त्यसैको आधारमा जापानको विविध विषयमा ज्ञान भएका प्रशिक्षकहरूबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ ।

जापानी भाषा अध्ययनको लागि नेपालमा अहिले धेरै भाषा स्कुल छन् । भाषा परीक्षाको लागि समेत जापानको मान्यता प्राप्त परीक्षा प्रणाली (जेएलपिटी/जेएफटी) भएकाले यो प्रणालीअन्तर्गत कम्तीमा एन-४ लेभलको परीक्षा उत्तीर्ण गरेको र तोकिएको अभिमुखीकरण तालीम लिई प्रमाणपत्र प्राप्त व्यक्तिहरुलाई मात्र जापान पठाउने व्यवस्था गर्दा जापान जाने नेपाली र जापानी समुदाय दुवै लाभान्वित हुन्छन् । यसले जापानी समुदायमा नेपालीप्रतिको धारणा अझै सकारात्मक भई नेपाल जापानबीचको मैत्री सम्बन्ध सुमधुर बनाउनसमेत सहयोग पुग्छ । हाल जापानलाई जापानी भाषा, संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान भएका दक्ष युवा जनशक्तिको खाँचो छ ।

नेपाली युवाहरुलाई रोजगारी चाहिएको छ । यस सन्दर्भमा हामीले सङ्ख्यात्मक मात्र नभई गुणात्मक पक्षमा ध्यान दिई नेपालबाट भाषा, संस्कृतिलगायतको ज्ञान भएका र अभिमुखीकरण तालिम लिएका युवाहरु मात्र रोजगारीको लागि जापान पठाउने भरपर्दो र दिगो प्रणालीको विकास गरी त्यही प्रणालीमार्फत नै जापान पठाउनुपर्छ । यसले हालको नेपाल जापानमैत्री सम्बन्ध भोलिका दिनमा थप मजबुत हुँदै जापान जाने नेपाली युवाहरु र जापानी समुदाय दुवैलाई सहयोग पुग्नेछ । यसको लागि समयमै सरोकारवाला सबैको ध्यान जान जरुरी छ । *(लेखक नेपाल जाइका अलमनाई एसोसिएसन (जान) र जाइका अलमनाई एसोसिएसन फोरम अफ सार्क कन्ट्रिज (जाफ्स) का अध्यक्ष एवं नेपाल कृषि प्रवर्द्धन आयोजनाका टोलीप्रमुख हुनुहुन्छ ।)*

# सरकारी प्रयासको नतिजा देखिँदै, अन्तिम त्रैमासमा टेलिकमको नाफा ४ अर्ब माथि

काठमाडौं, ३ भदौ (रासस)।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) ले गत आर्थिक वर्ष २०८२/८३ को अन्तिम त्रैमासमा आफ्नो नाफा उल्लेख्य रूपमा बढाएको छ। नेपाल टेलिकमको अपरिष्कृत वित्तीय विवरणअनुसार गत वैशाखदेखि असार मसान्तसम्ममा मात्र रु चार अर्ब २० करोड २४ लाख ५२ हजार नाफा कमाएको छ। तेस्रो त्रैमासमा रु तीन अर्ब १४ करोड ८० लाख १८ हजार नाफा नाफा कमाएको टेलिकमले चौथो त्रैमासमा मात्रै आफ्नो नाफा रु एक अर्ब पाँच करोड ४४ लाख ३४ हजार बढाएको हो।

सरकारले नेपाल टेलिकमको पहुँच र गुणस्तर बढाउने कार्यलाई प्राथमिकतामा राखेर सुधारका काम थालेसँगै इन्टरनेट सेवाका प्रयोगकर्ता उल्लेख्य बढेका छन्। शासकीय सुधारसम्बन्धी १०० कार्यसूची र सूचना तथा सञ्चार मन्त्रालयले तयार नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गतको १० बुँदे सुधारात्मक कार्ययोजनामा नेपाल टेलिकमका सेवा सुधारलाई प्राथमिकतामा राखिएको थियो। सुधारका लागि सरकारी प्रयासको नतिजा कम्पनीको वित्तीय स्वास्थ्यमा पनि देखिन थालेको हो।

नेपाल टेलिकमका प्रवक्ता कमल लामिछानेका अनुसार पछिल्लो समय 'फाइबर टु दि होम' (एफटिटिएच) र जिएसएम डाटा खपत बढ्दा आम्दानी बढेको छ। "पछिल्लो समय भ्वाइसमा भन्दा डाटा खपत बढेको छ। कम्पनीको सञ्चालन खर्च पनि गतवर्षको तुलनामा घटेको छ। आम्दानी बढेको र खर्च घटेको कारण समग्र नाफा बढेको हो", उहाँले भन्नुभयो। नेपाल टेलिकमले विज्ञापन, प्रायोजनलगायतका खर्च कटौतीबाट पनि उल्लेख्य बचत गरेको जनाएको छ। फजुल खर्च घटाउने सरकारको नीतिअनुसार सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले टेलिकमलाई मितव्ययी र पारदर्शी भएर काम गर्न पटक-पटक निर्देशन दिँदै आउनुभएको छ। जसअनुसार नेपाल टेलिकमले गत आर्थिक वर्षमा मात्रै विज्ञापन र प्रायोजनलगायतका शीर्षकको खर्च कटौतीबाट रु १० करोड देखि १५ करोड हाराहारी बचत गरेको जनाएको छ। सेवा सञ्चालन तथा मर्मतसम्भार खर्च घटेको छ भने नियामकलाई तिर्नुपर्ने रकम पनि अघिल्ला आर्थिक वर्षको तुलनामा घटेको टेलिकमको तथ्याङ्कबाट देखिन्छ।

टेलिकमले अघिल्लो आर्थिक वर्ष २०८१/८२ को अन्तिम त्रैमासमा रु एक अर्ब २२ करोड ४८ लाख चार हजार नाफा कमाएको थियो। अर्थात्, टेलिकमले अघिल्लो आर्थिक वर्षको चौथो त्रैमासिकको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा करिब रु तीन अर्बले नाफा बढाएको हो। यो कर अघिको मुनाफा हो।

यो अवधिमा टेलिकमको कुल आम्दानीमा समेत उल्लेख्य वृद्धि देखिएको छ। गत वैशाखदेखि असार मसान्तसम्ममा टेलिकमले रु १० अर्ब ३४ करोड ४७ लाख ५२ हजार कुल आम्दानी गरेको छ। जुन अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा रु ५८ करोड ८२ लाख १२ हजार ४२८ ले बढी हो। आर्थिक वर्ष २०८१/८२ को अन्तिम त्रैमासमा नेपाल टेलिकमले रु नौ अर्ब ७५ करोड ६५ लाख ३९ हजार ७८२ बराबर कुल आम्दानी गरेको थियो।

**वार्षिक करिब नौ अर्ब खुद मुनाफा**

टेलिकमले गत आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकसम्म रु आठ अर्ब ८६ करोड ४६ लाख खुद मुनाफा कमाएको छ। कम्पनीले गत शनिबार सार्वजनिक गरेको अपरिष्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा खुद मुनाफा रु दुई अर्ब ८५ करोड ७९ लाख अर्थात् ४७ दशमलव ५८ प्रतिशतले बढेको हो। अघिल्लो आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकसम्म कम्पनीको खुद मुनाफा रु छ अर्ब ६७ लाख थियो। एक वर्षको अवधिमा कम्पनीको खुद मुनाफामा उल्लेख्य वृद्धि भएको हो।

कम्पनीका अनुसार समीक्षा अवधिमा करअघिको मुनाफा पनि उल्लेख्य बढेको छ। गत आर्थिक वर्षको चौथो त्रैमासिकसम्म करअघिको मुनाफा रु १३ अर्ब २६ करोड ४७ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुनाफा रु नौ अर्ब ८५ करोड २ लाख रहेको थियो। यस आधारमा करअघिको मुनाफा रु तीन अर्ब ४१ करोड ४५ लाख अर्थात् ३४ दशमलव ६६ प्रतिशतले बढेको हो।

त्यस्तै, कम्पनीको ब्याज, कर, ह्रासकट्टी तथा अमोर्टाइजेसनअघिको आम्दानी रु २० अर्ब ४८ करोड १ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रहेको रु १८ अर्ब ४९ करोड ६० लाखको तुलनामा यस्तो आम्दानी गत आर्थिक वर्षमा रु एक अर्ब ९८ करोड ४१ लाख अर्थात् १० दशमलव ७३ प्रतिशतले बढेको कम्पनीले जनाएको छ।

नेपाल टेलिकमको कुल सञ्चालन आय समीक्षा अवधिमा रु ३४ अर्ब ९५ करोड ४ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको चौथो त्रैमासिकसम्म यस्तो आय रु ३३ अर्ब ८९ करोड ४५ लाख थियो। अघिल्लो वर्षको तुलनामा गत आवमा सञ्चालन आय रु एक अर्ब ५ करोड ५९ लाख अर्थात् तीन दशमलव १२ प्रतिशतले बढेको हो।

कम्पनीको कुल आयसमेत बढेको छ। समीक्षा अवधिमा कुल आय रु ३९ अर्ब १९ करोड ९६ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल आय रु ३८ अर्ब १८ करोड ८१ लाख थियो। यसअनुसार कुल आय रु १ अर्ब १ करोड १५ लाख अर्थात् दुई दशमलव ६५ प्रतिशतले वृद्धि भएको हो। कम्पनीको प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको) रु ४९ दशमलव २५ रहेको छ।

**ब्याज आम्दानी घटे पनि मुनाफामा वृद्धि**

कम्पनीका अनुसार समीक्षा अवधिमा ब्याजदर क्रमिक रूपमा घट्दा ब्याज आम्दानीमा भने कमी आएको छ। अघिल्लो आर्थिक वर्षको चौथो त्रैमासिकसम्मको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा ब्याज आम्दानी करिब रु ८६ करोड १९ लाख अर्थात् २२ दशमलव ८८ प्रतिशतले घटेको छ।

तर, मुख्य दूरसञ्चार सेवाबाट हुने आम्दानीमा भएको वृद्धिका कारण समग्र सञ्चालन आय तथा मुनाफामा सकारात्मक प्रभाव परेको कम्पनीले जनाएको छ।

विशेषगरी जिएसएम सेवातर्फको राजस्व बढेको छ। कम्पनीका अनुसार अघिल्लो आर्थिक वर्षको चौथो त्रैमासिकसम्मको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा जिएसएम सेवातर्फको राजस्व रु ६४ करोड ५४ लाख अर्थात् दुई दशमलव २८ प्रतिशतले बढेको छ।

**एनटिसी सुधारका लागि सरकारको प्रयास**

नयाँ सरकार गठन पछि नेपाल टेलिकम र समग्र दूरसञ्चार सेवा सुधारमा महत्वपूर्ण कामहरू भएका छन्। शासकीय सुधारसम्बन्धी १०० कार्यसूची र सूचना तथा सञ्चार मन्त्रालयले अघि सारेको नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गतको १० बुँदे सुधारात्मक कार्ययोजनामा पनि नेपाल टेलिकम सुधारको विषय अघि सारिएको थियो। जसअनुसार नेपाल टेलिकमले प्रयोगकर्ताको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने अवस्था अन्त्य भएको छ भने सबै सेवा अनलाइन गर्ने र 'वान टाइम केवाइसी' लागु गर्ने कार्यले पूर्णता पाएको छ। 'पे-एज-यू-गोज' प्रणाली लागु भएसँगै ग्राहकले आफ्नो डाटा सकिएपछि स्वतः शुल्क कट्ने वा नयाँ प्याकेज खरिद गर्नेबारे विकल्पसहितको छनोटको सुविधा पाएका छन्।

विशेषगरी मोबाइल डाटा व्यवस्थापन, डिजिटल प्लेटफर्म विस्तार र प्रशासनिक प्रक्रियालाई सरल बनाउने उद्देश्यले सरकारले नेपाल टेलिकममा व्यापक रूपान्तरण प्रक्रिया थालेको थियो। ई-सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुनःप्राप्ति तथा स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू पनि पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध हुन थालेका छन्। दूरसञ्चार सेवामा नागरिकको पहुँच र सहजीकरण बढाउन टेलिकमका कार्यालयमा 'एकल बिन्दु सेवा' सहायता कक्ष स्थापना गरिएका छन्। जसले ग्राहकलाई एउटै स्थानबाट सबै सेवा प्राप्त गर्न सहज बनाएको छ। ४जी सेवाको गुणस्तर सुधार गर्न महत्वपूर्ण नीतिगत पहलसमेत यसबीचमा भएका छन्। ४जी सेवाको पहुँच र गुणस्तर बढाउनका लागि थप फ्रिक्वेन्सी उपलब्ध गराइएको छ।

# राष्ट्र बैंक ३५ अर्बको ६ महिने निक्षेप संकलन गर्दै

काठमाडौं, ३ भदौ (रासस)।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाबाट रु ३५ अर्ब बराबरको छ महिने निक्षेप सङ्कलन गर्ने भएको छ।

केन्द्रीय बैंकले बुधबार सूचना जारी गर्दै १८० दिनका लागि निक्षेप सङ्कलन उपकरणको बोलकबोल तथा निष्कासन गर्न लागेको जनाएको हो।

बोलकबोल बुधबार अपराह्न ३:०० बजेसम्म अनलाइन बिडिङ सिस्टम सफ्टवेयरमार्फत मात्र हुने बैंकले जनाएको छ। निक्षेप सङ्कलन उपकरणको निष्कासन मिति पनि बुधबारै तोकिएको छ।

उक्त निक्षेपको ब्याजदर बोलकबोलबाट निर्धारण हुनेछ। साँवा तथा ब्याज भुक्तानी आगामी फागुन ३ गते हुनेछ। बोलकबोलमा न्यूनतम रु १० करोड र त्यसपछि रु १० करोडले भाग जाने गरी अधिकतम आह्वान रकमसम्मको रकम बोल गर्न सकिने व्यवस्था गरिएको छ।

निक्षेप सङ्कलनको बोलकबोलमा राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउनेछन्। बोलकबोलमा आफूले जम्मा गर्न चाहेको रकम र ब्याजदर उल्लेख गर्नुपर्नेछ।

राष्ट्र बैंकका अनुसार आह्वान गरिएको रकम बाँडफाँट गर्दा सबैभन्दा कम ब्याजदरलाई पहिलो प्राथमिकतामा राखी क्रमशः आह्वान गरिएको रकमसम्म बाँडफाँट गरिनेछ। समान ब्याजदर उल्लेख भएका बोलको रकम समावेश गर्दा कुल निष्कासित रकमभन्दा बढी भएमा 'प्रो-राटा' आधारमा बाँडफाँट गरिनेछ।

आह्वान गरिएको रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार राष्ट्र बैंकको खुला बजार कारोबार सञ्चालन समितिमा रहनेछ।

स्वीकृत बोलबमोजिमको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाको राष्ट्र बैंकस्थित खाताबाट खर्च गरी निक्षेपको छुट्टै खातामा जम्मा गरिनेछ। बोल स्वीकृत भएको बैंक तथा वित्तीय संस्थाको खातामा उक्त उपकरण निष्कासन हुने दिन पर्याप्त मौज्दात नभएमा त्यस्तो संस्थालाई कालोसूचीमा राखी आगामी बोलकबोलमा सहभागी हुन बन्देज लगाइने छ।

निक्षेप सङ्कलनको भुक्तानी मितिमा तोकिएको ब्याजसहितको निक्षेप रकम सम्बन्धित बैंकको राष्ट्र बैंकस्थित खातामा जम्मा गरिनेछ।

राष्ट्र बैंकले निक्षेप सङ्कलन गरिएको रकमलाई सम्बन्धित बोलवालाको लगानी पोर्टफोलियोका रूपमा गणना गर्न सकिने तर अनिवार्य नगद मौज्दात (सीआरआर) मा गणना गर्न नपाइने जनाएको छ। राष्ट्र बैंकको निर्देशनबमोजिम कायम गर्नुपर्ने वैधानिक तरलता अनुपात (एसएलआर) तथा तरलता अनुपातमा भने गणना गर्न सकिनेछ।

## विश्व समाचार

### खानलाई निजी अस्पताल लैजाने आदेशविरुद्ध सरकार अदालत जाने

इस्लामाबाद, ३ भदौ (रासस/एएफपी)।

पाकिस्तान सरकारले जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानलाई स्वास्थ्य परीक्षणका लागि निजी अस्पतालमा सार्न सर्वोच्च अदालतले दिएको आदेशविरुद्ध पुनरावलोकन निवेदन दायर गर्ने भएको छ। सरकारले उहाँको स्वास्थ्य परीक्षण सरकारी अस्पतालमै गर्नुपर्ने अडान राख्दै अदालतको आदेशलाई चुनौती दिने निर्णय गरेको हो। कानुनमन्त्री आजम नजीर तरारले सर्वोच्च अदालतको निर्णय 'कानूनको चार कुनाभित्र नपर्ने' बताउनुभएको छ। उहाँका अनुसार सरकारले अदालतको आदेश पुनरावलोकन गर्न निवेदन तयारी गरिरहेको छ।

सरकारले ७३ वर्षीय खानलाई निजी शिफा इन्टरनेसनल अस्पतालमा लैजानुको सट्टा सरकारी अस्पतालमै स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था गर्नुपर्ने बताएको छ। सरकारी अस्पतालले आवश्यक उपचार दिन नसक्ने प्रमाण वा आधार प्रस्तुत नभएसम्म कैदीलाई निजी अस्पतालमा सार्ने व्यवस्था सामान्यतया नगरिने तरारले बताउनुभयो। सर्वोच्च अदालतका तीन न्यायाधीशको इजलासले मङ्गलबार खानलाई आगामी दुई दिनभित्र राजधानी इस्लामाबादस्थित शिफा इन्टरनेसनल अस्पतालमा सार्न आदेश दिएको थियो। आदेशअनुसार उहाँलाई परिवारसँग सातामा एकपटक भेट्न तथा छोराहरूसँग सातामा दुईपटक टेलिफोनमा कुराकानी गर्न अनुमति दिइनेछ। खानका निजी चिकित्सक फैसल सुल्तान र उहाँकी बहिनी तथा चिकित्सक उज्मा खानलाई उहाँको स्वास्थ्य परीक्षण तथा उपचारमा संलग्न हुन पनि अदालतले अनुमति दिएको छ। अदालतले अस्पताल परिसरमा सार्वजनिक जमघट गर्न वा खानको स्वास्थ्यसम्बन्धी जानकारीलाई राजनीतिक लाभका लागि प्रयोग नगर्नसमेत चेतावनी दिएको छ। आदेशको उल्लङ्घन भए निजी अस्पतालमा सार्ने निर्णय फिर्ता हुन सक्ने अदालतले स्पष्ट पारेको छ। मुद्दाको अर्को सुनुवाइ सेप्टेम्बर १६ मा हुने तय गरिएको छ।

खान र उहाँकी पत्नी बुशरा बीबीलाई गत वर्षको अन्त्यमा विभिन्न अपराधमा दोषी ठहर गर्दै १७ वर्षको जेल सजाय सुनाइएको थियो। दुवैले आफूमाथिका आरोप राजनीतिक प्रतिशोधबाट प्रेरित भएको दाबी गर्दै आएका छन्। पूर्वप्रधानमन्त्री खानले यसै वर्ष आँखाको उपचारका लागि अस्पतालमा उपचार गराउनुभएको थियो। उहाँको परिवार र कानूनी टोलीका अनुसार त्यस क्रममा उहाँले दाहिने आँखाको अधिकांश दृष्टि गुमाउनुभएको थियो। खान सन् २०१८ देखि २०२२ सम्म पाकिस्तानको प्रधानमन्त्री हुनुहुन्थ्यो। सरकार र शक्तिशाली सैन्य प्रतिष्ठानबीचको सम्बन्धमा तनाव बढ्दै गएपछि उहाँ अविश्वासको प्रस्तावमार्फत पदबाट हटाइनुभएको थियो। उहाँको गिरफ्तारीपछि सन् २०२३ को मेमा पाकिस्तानभर व्यापक विरोध प्रदर्शन भएका थिए।

### कोलकाता होटलमा आगलागी, नौको मृत्यु

कोलकाता, ३ भदौ (रासस/एएनआई)।

भारतको पश्चिम बङ्गाल राज्यको राजधानी कोलकाताको मध्य भागमा रहेको एक होटलमा बुधबार बिहान आगलागी हुँदा कम्तीमा नौ जनाको मृत्यु भएको छ भने अन्य केही घाइते भएका छन्। मिर्जा गालिब स्ट्रिटस्थित होटलमा बिहान करिब २ बजे आगलागी भएको अग्निशमन विभागका अधिकारीहरूले बताएका छन्। आगलागीमा मृत्यु हुनेहरू बङ्गलादेशी नागरिक रहेको प्रारम्भिक विवरण प्राप्त भएको छ। उनीहरू उपचारका लागि कोलकाता आएका बताइएको छ। आगलागीको वास्तविक कारण भने खुल्न सकेको छैन। घटनापछि उद्धार तथा राहत टोली परिचालन गरिएको छ र आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ।

पश्चिम बङ्गालमा दुई दिनको अवधिमा होटलमा आगलागी भएको यो दोस्रो ठूलो घटना हो। सोमबार बीरभूम जिल्लाको तारापीठस्थित एक होटलमा भएको आगलागीमा आठ जनाको मृत्यु भएको र अन्य केही घाइते भएको अधिकारीहरूले बताएका थिए। उक्त घटनाको प्रारम्भिक कारण सर्ट सर्किट रहेको जनाइएको थियो। बीरभूमका प्रहरी अधीक्षक विदित राज भुन्देशले होटलबाट बाहिर धुवाँ वा आगो देखिएपछि प्रहरी र अग्निनियन्त्रक टोली घटनास्थलमा पुगेको बताउनुभएको थियो। उहाँका अनुसार २२ जनालाई सिँढीको प्रयोग गरी उद्धार गरिएको थियो भने अन्य ११ जनालाई उपचारका लागि अस्पताल पठाइएको थियो। घटनाबारे पत्रकारहरूसँग कुरा गर्दै उहाँले सात जनाको मृत्यु भएको बताउनुभएको थियो।

अधिकारीहरूका अनुसार तारापीठको घटनामा २८ जनालाई होटलबाट जीवितै उद्धार गरिएको थियो भने सात जना घाइतेको उपचार भइरहेको थियो। उद्धार गरिएका आठ जनालाई पछि चिकित्सकहरूले मृत घोषणा गरेका थिए। मृतकमध्ये पाँच जना मेघालय र तीन जना अलीपुरद्वारका रहेको जनाइएको छ। घटनापछि तारापीठका होटल सञ्चालकविरुद्ध प्राथमिकी (एफआइआर) दर्ता गरिएको छ। प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएर आगलागीको कारण, सुरक्षा व्यवस्था तथा होटल सञ्चालनसम्बन्धी विषयमा अनुसन्धानका क्रममा सोधपुछ गरिरहेको छ। कोलकाताको पछिल्लो घटनाले पश्चिम बङ्गालमा होटल तथा आवासीय भवनको अग्नि सुरक्षा व्यवस्थामाथि पुनः प्रश्न उठाएको छ। पछिल्ला दुई घटनामा ठूलो मानवीय क्षति भएपछि सम्बन्धित निकायले होटलमा विद्युत् प्रणाली, आपत्कालीन निकास र अग्नि सुरक्षा उपकरणको अवस्थाबारे समेत छानबिन गर्ने अपेक्षा गरिएको छ।

# विवाहको उमेर २० वर्षबाट नघटाउन आग्रह

काठमाडौं, ३ भदौ (रासस)।

विवाह गर्ने विद्यमान कानुनी उमेर २० वर्ष नै कायम राख्न सरोकारवालाले जोड दिएका छन्।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बुधबार काठमाडौँमा आयोजना गरेको दुई दिने बालअधिकार सिकाइ-सम्मेलनको दोस्रो दिन बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय संवादमा विवाहको उमेर घटाउन नहुने धारणा व्यक्त गरिएको हो।

विवाहको न्यूनतम उमेर २० वर्षबाट घटाएर १८ वर्ष कायम गर्न विद्यमान कानुनमा संशोधनको प्रस्ताव ल्याउनुभन्दा बालविवाह अन्त्यका लागि प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा राष्ट्रियसभा सदस्य रोशनी मेचेले बालविवाह न्यूनीकरणमा सीमित नभई यसको पूर्ण अन्त्यका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो।

केन्द्रीय बालकल्याण समितिका पूर्वकार्यकारी निर्देशक तारक धितालले विवाहको कानुनी उमेर घटाउँदा बालबालिकाको शैक्षिक, मानसिक, आर्थिक तथा सामाजिक जीवनमा नकारात्मक असर पर्नुका साथै प्रजनन स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने विभिन्न अध्ययनले देखाएको बताउनुभयो।

उहाँले चीन, दक्षिण कोरिया र भारतलगायत मुलुकमा २० वर्षपछि विवाह गर्ने कानुनी व्यवस्था रहेको उल्लेख गर्दै नेपाल सरकारले ल्याएको बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयनमा तीनै तहका सरकार तथा निजी क्षेत्रले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले बालविवाहले विकराल रूप लिन सक्ने भएकाले यसको अन्त्यका लागि सरकारले विभिन्न प्रयास गरिरहेको जानकारी दिनुभयो।

राष्ट्रिय मानवअधिकार आयोगका उपसचिव गीता दाहालले बालविवाहलाई निरुत्साहित गर्न राज्यसँगै परिवार, समुदाय र सम्बन्धित सबै पक्षको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो।

नेपालको संविधानको धारा ३० ले बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था गरेको छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले २० वर्ष उमेर नपुगी गरिने विवाहलाई दण्डनीय कसुरका रूपमा व्यवस्था गरेको छ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले कम उमेरमा विवाह गरी सन्तान जन्माउँदा मातृ तथा शिशु स्वास्थ्यमा जोखिम बढ्नुका साथै जन्म तथा मृत्यु दरमा समेत प्रतिकूल असर पर्न सक्ने बताउनुभयो।

# केवाइसी अपडेटका लागि बैंकबाट बोलेको भन्दै स्क्यामिङ गर्ने चार जना पक्राउ

काठमाडौँ, ३ भदौ (रासस)।

केवाइसी अपडेट (व्यक्तिगत विवरण अद्यावधिक गर्ने काम) का लागि बैंकबाट बोलेको भन्दै स्क्यामिङ गर्ने (ठगी) कार्यमा संलग्न रहेको अभियोगमा प्रहरीले आइतबार चार जनालाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ।

वित्तीय संस्था, डिजिटल वालेट (जस्तैः इसेवा वा टेलिकम सेवाहरूमा आफ्ना व्यक्तिगत विवरण अद्यावधिक (नवीकरण) गर्ने कामलाई प्रक्रिया हो। ग्राहकको पहिचान पुष्टि गर्न र सुरक्षाका लागि समय-समयमा यो अपडेट गर्नुपर्ने हुन्छ।

पक्राउ पर्नेहरूमा बाराको देउताल गाउँपालिका-४ बस्ने २२ वर्षीय अभय तिवारी, नवलपरासी पश्चिमको रामग्राम नगरपालिका-१६ बस्ने २२ वर्षीय जयकुमार केवट, सोही नगरपालिका-१७ का २२ वर्षीय विद्यासागर केवट र पर्साको वीरगञ्ज महानगरपालिका-३ बस्ने २७ वर्षीय कुवेर थापा पक्राउ परेका केन्द्रीय समाचार कक्षले जनाएको छ।

'बैंकबाट बोलेको हुँ, केवाइसी अपडेट गर्नुपर्‍यो' भन्दै पछिल्लो समयमा बहालवाला तथा सेवानिवृत्त कर्मचारीलाई लक्षित गरी फोन तथा ह्वाट्स एपमा फोनमार्फत 'स्क्रिन सेयर' गर्न लगाई ओटिपी कोड (खाताको सुरक्षाका लागि मोबाइलमा आउने एकपटक मात्र प्रयोग गर्न मिल्ने छ वा चार अङ्कको गोप्य नम्बर) प्राप्त गरी अथवा ओटिपी कोड माग गरी कर्मचारीको खातामा पहुँच पुऱ्याई खातामा रहेको रकम अन्य खातामा रकमान्तर गरी ठगी गर्ने कार्यमा संलग्न निजहरूलाई साइबर ब्यूरोबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय चितवनको समन्वयमा चितवनबाट पक्राउ गरेको हो।

निजहरूउपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको अनधिकृत पहुँच र विद्युतीय माध्यम सम्बन्धी ठगी कसुर मुद्दामा जिल्ला अदालत काठमाडौँबाट पाँच दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# चितवनमा एक वर्षमा ४५ अजिङ्गर उद्धार

चितवन, ३ भदौ (रासस)।

डिभिजन वन कार्यालयले गत आर्थिक वर्षमा ६९ वन्यजन्तु उद्धार तथा व्यवस्थापन गरेको छ। डिभिजन वन कार्यालय क्षेत्रभित्र रहेका विभिन्न स्थानबाट ती वन्यजन्तुको उद्धार गरेर व्यवस्थापन गरिएको हो।

कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार वन क्षेत्रमा सबैभन्दा धेरै अजिङ्गरको उद्धार गरिएको छ। बस्ती पसेर स्थानीयलाई दुःख दिने गरेका ४५ अजिङ्गरको उद्धार गरेर व्यवस्थापन गरिएको हो। यस्तै चारवटा चित्तल, रतुवा तीन, धामन सर्प तीन, गोही दुई, मयुर दुई, लाटोकोसेरो दुईवटाको उद्धार गरिएको छ। बाँदर, नियाले बाघ, जरायो, मलसाप्रो, चितुवा, गोहोर, कछुवा, हुच्चिल - एक-एकवटाको उद्धार गरी व्यवस्थापन गरिएको हो।

समुदायमा पसेर समस्या बनाएका एवं समस्याग्रस्त ती जनावारको उद्धार गरी व्यवस्थापन गरिएको हो। यससँगै गत आर्थिक वर्षमा ४२ मृत वन्यजन्तुको व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार ३० चित्तल, नौवटा रतुवा, दुईवटा बदेल, एउटा स्याल मृत भेटिएर तीनको व्यवस्थापन गरिएको हो।

यससँगै कार्यालयले गत आर्थिक वर्षमा २६७ साइकलको लिलामी गरेको छ। अवैध रूपमा काठ तस्करीमा प्रयोग गरिएका ती साइकलको लिलामीबाट रु दुई लाख ५२ हजार राजस्व सङ्कलन गरिएको थियो। यस आर्थिक वर्षमा ८१ थान मोटरसाइकल लिलामी गर्ने तयारी गरेको छ। कसुरजन्य मुद्दामा नियन्त्रणमा लिइएका र बेवारिसे अवस्थामा भेटिएका गरी ती मोटरसाइकल लिलामी गर्न लागिएको हो।

कार्यालय प्रमुख आचार्यका अनुसार विगत लामो समयदेखि कार्यालय परिसरमा रहेका ती मोटरसाइकल लिलामी गर्न लागिएको हो। मोटरसाइकलसँगै २५ बस, ट्रक, भ्यान, अटो, ट्याक्टर र ५९ साइकलको लिलामी प्रक्रिया सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

# विमानस्थलबाट गाँजासहित विदेशी नागरिक पक्राउ

काठमाडौँ, ३ भदौ (रासस)।

नेपाल प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट करिब ४० किलोग्राम 'थाई गाँजा' सहित आठ विदेशी नागरिकलाई पक्राउ गरेको छ।

प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोको टोलीले ३९ दशमलव २८ किलोग्राम 'थाई गाँजा' सहित पाँच म्यान्माका र तीन भारतीय नागरिकलाई मंगलबार पक्राउ गरेको हो।

ब्यूरोका सहप्रवक्ता, प्रहरी नायब उपरीक्षक जीवन निरौलाका अनुसार पक्राउ पर्नेमा थाइल्यान्डको बैङ्ककबाट थाई एयरवेजको उडानमार्फत आएका पाँच म्यान्माका नागरिक छन्।

यस्तै, थाइल्यान्डकै फुकेटबाट बाटिक एयरवेजको उडानबाट नेपाल आएका तीन भारतीय नागरिक छन्।

प्रहरीले पक्राउ परेकासँग गाँजासहित आठ थान राहदानी र आठ थान मोबाइल बरामद गरेको छ। पक्राउ परेका सबैमाथि लागूऔषध नियन्त्रण ऐनअन्तर्गत थप अनुसन्धान भइरहेको सहप्रवक्ता निरौलाले बताउनुभयो।

# वन अतिक्रमण गर्ने विरुद्ध कडा कारबाही हुने

महोत्तरी, ३ भदौ (रासस)।

वनक्षेत्र उजाडेर अतिक्रमण गर्ने विरुद्ध कडा कारबाही गरिने भएको छ।

डिभिजन वन कार्यालय, महोत्तरीले सागरनाथ वन विकास परियोजनाको दुई नम्बर प्लटका रुख काट्ने र रुखको फेदमा विषादी प्रयोग गरी रुख मार्ने विरुद्ध कडा कारबाही गर्न लागिएको हो।

वरिष्ठ वन अधिकृत अजय मिश्रले १९५ वटा टिक जातका रुख र उक्त रुखको जरामा विषादी प्रयोग गरेको अनुसन्धानबाट बुझिन आएकाले वन माफिया खोज्न अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

अनुसन्धानबाट वन फडानी गर्न परिचालन भएको पहिचान नजिक पुगेका रेन्जपोष्टका प्रमुख प्रेम उपाध्यायले जानकारी दिनुभयो।

"हामीले घटनाको सुक्ष्म अनुसन्धान गरेका छौँ, वनका बिरुवा काट्ने र फेदमा विषादी हालेर जरासमेत डढाउनेहरुबारे जानकारी भएको छ", उपाध्याय भन्नुहुन्छ, "हामी प्रतिवेदन लेखन टुङ्ग्याउँदैछौँ, यो प्रतिवेदन डिभिजन वन कार्यालय पुग्नासाथ कारबाही सुरु हुन्छ।"

परियोजनाको बर्दिवास रेञ्जपोष्टको प्रतिवेदनका आधारमा मुद्दा डिभिजन वन कार्यालयले चलाउने उपाध्यायले स्पष्ट पार्नुभयो।

बर्दिबास नगर कार्यपालिकाको कार्यालयले पर्ति जग्गा भोगचलन गर्दै आएकाहरुलाई सेतो निस्सा दिने घोषणा गरेबीच वन उजाडेर आफ्नो भोग देखाउन यस प्रकारको अपराध गरेको हुनसक्ने आशङ्का यहाँका स्थानीयले गरेका छन्।

घटनामा सामेल हुनेलाई अनुसन्धान गरी कडा कारबाही हुने बर्दिवास-२ का वडाध्यक्ष श्यामराजा सिंह बताउनुहुन्छ।

## *तीन वर्षिया …*

घर भएका १६ वर्षीय सुमन थापा र प्रोगेस चौधरीलाई पक्राउ गरेको जानकारी दिएको छ।

इलाका प्रहरी कार्यालय सिमराका प्रमुख दिलिप क्षेत्रीले घटनामा संलग्न थापा र चौधरी म्याजिक चलाउने सवारी चालक तथा सहचालक रहेको जनाए। प्रहरीका अनुसार थापाले बालिकालाई चकलेटको प्रलोभन देखाएर सुनसान रहेको घरमा लगेको र बलात्कारपछि हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उल्लेख गरे।

साउन ३१ गते बेपत्ता भएकी बालिकालाई सोही दिन हत्या गरेको बयान आरोपितले प्रहरी समक्ष दिएका छन्। बालिकाको शव भने अहिले परीक्षणका लागि कलैयास्थित प्रादेशिक अस्पतालमा राखिएको छ।

यता घटनाको विरोधमा स्थानीयले बुधबार बिहान १० बजेदेखि नै पथलैया-वीरगन्ज सडकखण्डमा प्रदर्शन गरेका छन्। उनीहरूले दोषीमाथि कडा कारबाहीको माग राख्दै राजमार्गमा टायर बालेर प्रदर्शन गरेका हुन्।

## *शिक्षक र विद्यालय …*

२ सय ३ कायम भएको छ।

यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक पाँच हजार थप गरिएको छ।

नयाँ व्यवस्था अनुसार इसिडी सहजकर्ताको मासिक पारिश्रमिक १२ हजारबाट १७ हजार, विद्यालय सहयोगीको १० हजारबाट १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको १५ हजारबाट २० हजार पुगेको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी ,सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय सप्तरी, राजविराज**

**मिति** २०८३/४/२९

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता **बमोजिम** रैती नं.७ अर्ष नारायण सिंह नाममा कायम रहेका साविक प्रगन्ना मझौवा मौजे झुटकी सा.कि.नं.**५३१ को** ज.वि. ०-१४-१३ जग्गा सिता प्रसाद सिंह नाममा ७ नं. फाटवारी भरेको उक्त जग्गा सर्वे नापी हुदा जिल्ला **सप्तरी** गा.वि.स.झुटकी वाड न.२क कि.न.६३ को ०-४-८ भै ३ नं. नापी टोलीको द.न.२३८ को आदेश बमोजिम किता **नं.६३** बदर भै कि.न.५४३ र ५४४ कायम भएको कि.न.५४३ सिता प्रसाद सिंहबाट रजिष्ट्रीभै जागेश्वरी देवी कायम **भएको हो** फिल्डबुकमा उल्लेख रहेको मा निज मिति२०७२ /१२/३ मा मृत्यु भै एकमात्र छोरा जिल्ला सप्तरी गा.वि.स. **बनैनिया** वार्ड नं ३ हाल राजगढ गा.पा. वडा नं. २ बस्ने रघुनन्दन ठाकुरको नाति जटाधर ठाकुरको छोरा **रमानन्द** ठाकुरले जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी को यस कार्यालयमा द.नं. १६३९१ **मिति** २०८२/१०/९ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/४/२७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकारसार्वजनिक सामुदायिक डगर बाटो ऐलानी प्रति गोचर समसानघाट पैनी पौवा पार्क हाटमेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| साविक कि.नं | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अर्ष नारायण सिंह | झुटकी | २क | ५४३ | ०-३-१६ | रमानन्द ठाकुर | यो जग्गा फिल्ड बुक जागेश्वरी देवी उल्लेख रहेको |

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*